# सिटिजन हेल्पडेस्क बुलेटिन


अंक #६
असार, २०७४

सिटिजन हेल्पडेस्क बुलेटिनको छैठौं अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', जिल्लाहरुमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरुको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरु Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरुले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पता लगाई सरकार, सञ्चार माध्यमहरु, दातृ निकायहरु र  समुदायलाई सही सूचना प्रवाह गरी उनीहरु बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## सवाल

**धुनेबेंशी, धादिङ**
"श्रम सम्झौता समाप्त भैसकेपछि विदेशमै श्रम स्वीकृति नविकरण गर्न सकिन्छ कि सकिदैन ?"

**मेलम्ची, सिन्धुपाल्चोक**
"के श्रम सम्झौता समाप्त भएका वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यले नेपालबाट श्रम सवीकृति नविकरण गर्न सक्छन् ?"



## जवाफ

श्रम स्वीकृति नविकरण नेपाल स्थित वैदेशिक रोजगार विभागको ताहचल कार्यालयमा व्यक्ति स्वयं उपस्थित भएर मात्र गर्न सकिन्छ।

अहिले सम्म विदेशमै पुनः श्रम स्वीस्कृति लिन सकिने व्यवस्था छैन।

तर, सरकारले आउँदो साउन १ गते देखि विदेश स्थित नियोगहरुबाटै श्रम स्वीकृति लिन मिल्नेगरी काम गरीरहेको छ। यदि त्यो ब्यवस्था लागु भयो भने विदेश स्थित नेपाली नियोगबाट पुनःश्रम स्वीकृति लिन सकिने छ।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
०१-४७८२४५४


# प्रश्न

### सिद्लेक, धादिङ

"वैदेशिक रोजगारीमा जानु पुर्व एक पटक स्वास्थ्य परीक्षण गराए पुग्छ कि, विदेशमा पुगेर पुनःस्वास्थ्य परीक्षण गर्नु पर्छ ?"

### ईर्खु, सिन्धुपाल्चोक

"नेपालबाट विदेश जाँदा स्वास्थ्य परीक्षणमा पास भयो, तर विदेशमा पुगीसकेपछिको परीक्षणमा फेल भयो भने क्षतीपुर्ति पाउन के गर्नु पर्छ ? प्रकृया के हो ?"



# जवाफ

वैदेशिक रोजगारीमा जानु पुर्व शारीरिक रूपमा सक्षम छु वा छैन भनि जाँच गर्नुलाई मेडिकल (स्वास्थ्य परीक्षण) गर्नु भनिन्छ। जसले गर्दा विदेशमा हुने स्वास्थ्य परीक्षणमा समस्या हुँदैन।

स्वदेशमा स्वास्थ्य परीक्षण गरिसकेपछि फेल हुँदा-हुँदै पनि गलत रिपोर्ट बनाएर जाँदा विदेशमा हुने स्वास्थ्य परीक्षणमा फेल भईन्छ र स्वदेश फर्कनु पर्ने हुन्छ।

आफु स्वस्थ्य छु भन्ने मेडिकल रिपोर्ट पेस गरेपछि मात्र विदेशबाट भिसा आउँछ। साथै, नेपाल सरकारले कानुनी तवरबाट श्रम स्वीकृति प्रदान गर्दा स्वास्थ्य परीक्षण अनिवार्य हुन्छ।

विदेशमा हुने स्वास्थ्य परीक्षणमा फेल भई स्वदेश फर्कनु परेमा नेपालमा स्वास्थ्य परीक्षण गरेको मितिले ६० दिन पुगेर त्यसमा अरू ४५ दिनभित्र निवेदन दिएमा मेडिकल सेन्टरबाट क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ। त्यसको लागि नेपाल सरकारकाट स्वीकृति प्राप्त मेडिकल सेन्टरबाट जाँच गराई होलोग्राम टाँसेको मेडिकल रिपोर्ट हुनु पर्दछ।

क्षतिपूर्तिका लागि मेडिकल रिपोर्टको सक्कल प्रति, स्वास्थ्यका कारण फर्किनु परेको प्रमाणित गर्ने कागज, होलोग्राम भएको मेडिकल रिपोर्ट कार्ड, श्रम स्वीकृति, आते/जाते हवाई टिकटको निस्सा, राहदानीको प्रतिलिपि, स्वास्थ्य ब्यवसायी महासंघको रसिद र तोकेका अन्य कागजातहरू सहित विशेषज्ञ समितिमा निवेदन दिनुपर्दछ।

**प्रविण तिवारी**
भुतपूर्व अध्यक्ष
स्वास्थ्य व्यवसायी महासंघ
९८५१०४७४०७

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
०१-४१०५०५८

# सवाल

## खरानिटार, नुवाकोट

"घर बनाइसकेकाहरुले अन्तिम किस्ताको १ लाख रुपैयाँ पाउनको लागि घरमा  शौचालय अनिवार्य बनाउनुपर्ने हो ?"



## बिच कठेरी, नुवाकोट

"घर बनाइसकेकाहरुको लागि १ लाख रुपैयाँ आउन बाँकि छ। सो रकम प्राप्त गर्नको लागि घरमा गोबर ग्याँस बनाउने र सोलार राख्नेलाई मात्र दिने भनेको छ र गोबर ग्याँस वा सोलार नराख्नेको लागि ७५ हजार मात्र आउँछ र २५ हजार चाहिँ आउँदैन भन्ने हल्ला छ।"

# जवाफ

नेपाल सरकारले भूकम्प पीडित लाभग्राहीलाई दिने भनेको जम्मा तिन लाख रकम मध्ये अन्तिम किस्ताको १ लाखमा २५ हजार वैकल्पिक उर्जा (जस्तैः सोलार राख्ने वा गोबर ग्याँस निर्माण) मा प्रयोग गर्ने अथवा शौचालय बनाउनका लागि हो।


भूकम्प पीडितले घर निर्माण गरिसके पछि ईन्जिनियरले घर निरीक्षण गर्दछन्। घरले मापदण्ड पुरा गरेकोछ र वैकल्पिक उर्जा वा शौचालय मध्ये एउटाको प्रयोग भएको छ भनेर तोकिएको सरकारी ईन्जिनियरले सिफारीस गरेपछि भूकम्प पीडित लाभग्राहीले अन्तिमको किस्ता बापत १ लाख रुपैयाँ पाउँदछन्।

यदि घर निर्माण मापदण्ड अनुसार पुरा भयो, तर वैकल्पिक उर्जा र शौचालय मध्ये कुनै पनि प्रयोग गरिएको छैन भने २५ हजार कटाएर बाँकि रहेको ७५ हजार रुपैयाँ मात्र पाउँदछन्।

डा. भिष्मकुमार भुसाल
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११२७७५७

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
०१-४२११४८४

# मेरो कथा – अनुभुती र भोगाई





## ठगेन्द्र तामाङ

### बनेपा, काभ्रेपलाञ्चोक

गाउँमा जीविकोपार्जनको उपयुक्त विकल्प नभेटेपछि बनेपा - ४ काभ्रेपलाञ्चोकका ठगेन्द्र तामाङ साहुसंग ऋण काढेर परिवारको आर्थिक अवस्था सुधार्ने जिम्मेवारी  बोक्दै मलेसिया गए। विदेशमा सोचेजस्तो कमाई भएन। विदेशमा कमाएको पैसा खान र बस्न मात्र ठिक्क हुने भएपछि उनलाई विदेश जाँदा साहुसंग लिएको ऋण कसरी तिर्ने भन्ने चिन्ताले पिरोल्न थाल्यो। विदेशको कमाईले जसोतसो साहुको ऋण तिरेपछि चार वर्ष मलेसीयाको बसाई टुङ्ग्याएर उनि  स्वदेश फर्किए। विदेशको बसाईले आर्थिक लाभ लिन नसके पनि, उनलाई कामको महत्व बुझ्न सिकायो। स्वदेश फर्के लगतै केही गर्नुपर्छ भन्ने सोच बनाईराखेका उनले केहि समय परिवेश बुझ्नैमा बिताए, र अन्त्यमा गाउँमै नर्सरी व्यवसाय गर्दा मनग्य कमाउन सकिन्छ भन्ने निष्कर्षमा पुगे। त्यसलाई मुर्त रूप दिन उनले बुवा संग मिलेर गाउँमै ३ रोपनी जग्गा भाडामा लिए।

"मध्य पहाडी नर्सरी" नाममा दर्ता गरिएको फर्ममा हाल नर्सरी सञ्चालन गरि उनले त्यस क्षेत्रमा प्रचलित बोधिचितको बिरुवा उत्पादन गरेर विक्रिवितरण गरीरहेका छन्। जसको हाल बजार मुल्य २५० देखी ३०० रुपैयाँ पर्न आउछ। अन्य बिरुवा पनि उत्पादन गरेर विक्रि वितरण गर्ने उनले नर्सरी ब्यवसाय बाट मनग्य आम्दानी गरीरहेको छन।

स्देशमै पसिना बगायो भने साहुसंग लाखौ ऋणकाढेर युवाहरू विदेशिनु पर्दैन भन्ने एक उदाहरण हुन् ठगेन्द्र तामाङ।

## यो पनि थाहा पाईराखौँ - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट प्रदान गरीने आर्थिक सहायताहरु (Link)
- वैदेशिक रोजगारी सम्बन्धि रेडियो जिंगल (Link)
- गारोवाला भवनका सम्बन्धमा सुधार तथा अपवाद पुस्तिका (Link)
- वैदेशिक राजगारीको प्रकृयामा कामदारले पुरा गर्नुपर्ने १० तथ्यहरु (Link)

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन् । २०७४ जेष्ठ १८ गतेदेखि २०७४ असाढ १६ गतेसम्म ४ जिल्लाका करिब ७३३ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

### Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन ।

accountabilitylab

Local Interventions Group
data - driven development